**Interdisciplinary Research in Education**
**Volume 11, Issue 1, 2026: 89-106**
**DOI:** *https://doi.org/10.3126/ire.v11i1.96707*

# माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्य

**खड्ग बहादुर शाही**
**PhD Scholar, GSE, Tribhuvan University, Kathmandu**
ORCiD: *https://orcid.org/0009-0001-1810-0080*
Email: *khadakshahi042@gmail.com*

**डा. केशव भुसाल**
**शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ**
ORCiD: *https://orcid.org/0009-0005-0189-9497*
Email: *keshabbhusal.tu@gmail.com*

**प्रमुख शब्दावली :**

*भाषिक प्रकार्य, न्यायिक निर्णय र मूल्याङ्कन, तार्किक खोज र प्रदर्शनी, तर्क, कार्यढाँचाको निर्णय, व्यक्तिगत संवेग र भावनात्मक सम्बन्ध ।*

**लेखसार**

*प्रस्तुत लेख माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यको अध्ययनमा आधारित छ । यस लेखको मुख्य उद्देश्य माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यको अध्ययन विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत वर्णनात्मक/विश्लेषण विधिको अनुप्रयोग गरिएको छ । पुस्तकालयीय अध्ययनमा आधारित यस अध्ययनमा माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषामा समाविष्ट भाषिक प्रकार्यलाई प्राथमिक श्रोत सामग्रीका रूपमा लिइएको छ । प्राथमिक श्रोतगत तथ्यलाई विश्लेषण गर्न प्रकार्यात्मक सम्प्रेषणात्मक अवधारणा तथा सिद्धान्तलाई उपयोग गरिएको छ । माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषा पाठ्यक्रमअन्तर्गत कक्षा ९ नेपाली भाषापाठ्यक्रमका प्रत्येक विधा/क्षेत्रमा समाविष्ट १६ ओटा र कक्षा १० को नेपाली भाषा पाठ्यक्रमका प्रत्येक विधा/क्षेत्रमा समाविष्ट १७ ओटा भाषिक प्रकार्यहरूलाई विल्किन्स (१९७९) द्वारा उल्लिखित न्यायिक निर्णय र मूल्याङ्कन, कार्य ढाँचाको निर्णय, तर्क, तार्किक खोज र प्रदर्शन, वैयक्तिक संवेग र भावनात्मक सम्बन्ध जस्ता सम्प्रेषणात्मक प्रकार्यलाई प्रतिमानका रूपमा लिई विश्लेषण गरिएको छ । भाषिक प्रकार्यलाई विश्लेषण गर्दा माध्यमिक (तह कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा न्यायिक निर्णय र मूल्याङ्कनअन्तर्गत दुईओटा, कार्यढाँचाको निर्णयअन्तर्गत दुईओटा, तर्कअन्तर्गत पाँचओटा, तार्किक खोज र प्रदर्शनअन्तर्गत नौओटा, वटा वैयक्तिक संवेगअन्तर्गत पाँचओटा र संवेगात्मक सम्बन्धअन्तर्गत छओटा भाषिक प्रकार्य प्रयोग गरिएको र यी भाषिक प्रकार्यको उपयुक्त र प्रभावकारी शिक्षणपश्चात् माध्यमिक तह (कक्षा ९ र १०) मा अध्ययनरत विद्यार्थीहरूमा भाषिक प्रकार्यात्मक क्षमताको विकास हुने निष्कर्ष निकालिएको छ ।*

## अध्ययनको पृष्ठभूमि

भाषा मानवीय बोली हो । जे बोलिन्छ, त्यो भाषा हो । मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनि तथा ध्वनिको समूह भाषा हो । "भाषा व्यापक रूपमा त्यो हो, जसद्वारा हामी सोच्ने र विचार व्यक्त गर्ने गर्दछौँ" (सिजापति, २०५४, पृ.१) । मानवीय चिन्तनको अभिव्यक्तिको माध्यम भाषा हो । "भाषा भनेको बोली या वाणी हो'' (गौतम र चौलागाईं, २०७०, पृ.१) । भावाभिव्यक्तिका लागि जे बोल्दछौँ, त्यो नै भाषा हो । भाषा विचार, भावना तथा चाहना विनिमयको साधन हो । "भाषा मानवीय वस्तु हो । यसको प्रयोग मानिसले मात्र गर्दछ । ऊ भाषाको प्रयोगबाट सजिलैसँग दैनिक व्यवहार चलाउँछ । "...यसबाट मात्र ऊ आफूले चाहेका जुकसुकै भाव, विचार, इच्छा, वस्तु कार्य र घटनाबारे अभिव्यक्ति दिन र त्यसलाई बुझ्न सक्दछ" (यादव र रेग्मी, २०५८ पृ.७) । मानवीय भावना, इच्छा, चाहना तथा विविध विषयवस्तुको बुझाइ र अभिव्यक्तिको माध्यम भाषा हो । भाषाले भावना तथा विचार आदानप्रदानको साधनको काम गर्दछ ।

भाषिक सिपको शिक्षण भाषा शिक्षण हो । भाषा शिक्षणभित्र भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आदानात्मक तथा प्रदानात्मक सिपहरू पर्दछन् । "भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने माध्यम वा सिपको शिक्षण हो" (शर्मा र पौडेल, २०६८, पृ.२) । भाषा शिक्षणमा भाषा नै साध्य र साधन हुन्छ । भाषा शिक्षणमा शिक्षण सिकाइपश्चात् विभिन्न सन्दर्भ र प्रसङ्गमा उपयुक्त भाषाको प्रयोग व्यवहारको अपेक्षा गरिएको हुन्छ । भाषाशिक्षण पश्चात् सिकारु विभिन्न परिस्थितिमा व्यक्तिगत तथा सामाजिक आवश्यकतार्थ उपयुक्त तथा प्रभावकारी रूपमा भाषाको प्रयोग गर्न सक्षम होस् भन्ने धेय राखिएको हुन्छ । मानवीय विविध आवश्यकता परिपूर्तिका लागि भाषाशिक्षण गरिन्छ । भाषा शिक्षणका माध्यमबाट मानिस आवश्यकतार्थ पहिलो, दोस्रो तथा अन्य भाषा सिक्ने गर्दछ । यसर्थ मानवीय आवश्यकता पूर्ति गर्नका लागि गरिने भाषिक सिपको शिक्षण नै भाषा शिक्षण हो । भाषाका क्षेत्रमा गरिएका नवीनाति नवीन अध्ययन अनुसन्धानले भाषाशिक्षणमा पनि विभिन्न नूतन आयामहरू विकास हुँदै आइरहेको छ ।

पछिल्ला समयमा भाषाशिक्षणमा समय परिस्थितिअनुसार भाषाको सान्दर्भिक प्रयोग गर्न सक्षम बनाउन प्रकार्यात्मक-सम्प्रेषणात्मक पक्षलाई जोड दिइएको पाइन्छ । विश्वमा अस्तित्ववान् विभिन्न भाषाको शिक्षणका लागि प्रकार्यात्मक-सम्प्रेषणात्मक सिद्धान्तका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको प्रयोग गर्न थालिएको छ । नेपालमा पनि २०७० को दशक पछाडि भाषाशिक्षणलाई प्रकार्यात्मक सम्प्रेषणात्मक दृष्टिले अगाडि बढाइएको पाइन्छ । विशेष गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ का आधारमा बनेका भाषापाठ्यक्रमहरू भाषिक प्रकार्यात्मक-सम्प्रेषणात्मक सक्षमतामा आधारित छन् । यद्यपि भाषाशिक्षणका सन्दर्भमा प्रयोग गरिएका प्रकार्यात्मक-सम्प्रेषणात्मक अवधारणा, सक्षमता, विषयवस्तु, भाषिक प्रकार्य, प्रकार्यात्मक-सम्प्रेषणात्मक सिकाइ सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको भने प्रकार्यात्मक-सम्प्रेषणात्मक दृष्टिकोणबाट अध्ययन अनुसन्धान भएको भने पाइँदैन । यसै सन्दर्भमा यस अनुसन्धानात्मक लेखमा माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रम २०७८ मा केकस्ता भाषिक प्रकार्यहरू समावेशन गरिएको छ ? भनी अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यको स्थिति प्रस्तुत गर्नु रहेको छ ।

## अध्ययन विधि

माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्य शीर्षकको प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । "कुनै अवस्था, घटना प्रक्रिया तथा समस्याको अध्ययन गर्ने उद्देश्यले शाब्दिक रूपमा सङ्कलन गरिएका असाङ्ख्यिक तथ्याङ्कहरूलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ" (खनाल, २०८०, पृ.२१) । यस अध्ययनमा माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९ र १०) अन्तर्गत नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा लिइएको छ । यस अध्ययनमा कक्षा ९ र १० को पाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यलाई पुस्तकालयीय अध्ययन गरी भाषिक प्रकार्यात्मक/सम्प्रेषणात्मक सिद्धान्तका आधारमा छुट्टाछुट्टै प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ ।

**भाषिक प्रकार्यको परिचय र सैद्धान्तिक अवधारणा**

भाषा सामाजिक वस्तु भएकाले समाजका विभिन्न चालचलन, रहनसहन, परिस्थिति तथा अवस्थाअनुसार प्रयोग गरिन्छ । सामाजिक सन्दर्भअनुसार कार्य सम्पादन गर्न भाषाको प्रयोग गरिन्छ । सामाजिक सन्दर्भ र परिस्थितिअनुसार भाषाले गर्ने कार्य अथवा भाषाका माध्यमबाट गरिने कार्य सम्पादनलाई भाषिक प्रकार्य (वाक्क्रिया) भन्ने गरिन्छ । "समाजमा रहनसहन, रीतिस्थिति, घरव्यवहार, दैनिक व्यवहार, सामाजिक, साँस्कृतिक, धार्मिक, राजनीति, आर्थिक आदि व्यवहार सम्पन्न गर्न प्रयोग गरिने भाषिक व्यवहार भाषिक प्रकार्य हो" (आधारभूत तह (६-८) को नेपाली विषयको कस्टमाइज्ड शिक्षक तालिम प्रशिक्षक निर्देशिका २०७९, पृ.२४) । प्रयोजनपरक भाषाको प्रयोगव्यवहार भाषिक प्रकार्य हो । विभिन्न विषयक्षेत्रमा भिन्नभिन्न भाषिक कोडको प्रयोग हुन्छ । कानुन, धर्म, रीतिचलन, प्रशासन, पेसाव्यवसायमा भिन्नभिन्न कोडको प्रयोग र प्रयोग गरिएका कोडले भिन्न अर्थ तथा भिन्न कार्य सम्पादन गर्दछन् । भिन्न विषयक्षेत्रमा भिन्न कोडहरूले गर्ने कार्य नै भाषिक प्रकार्य हो । यादव र रेग्मी (२०५८) का अनुसार विभिन्न क्षेत्रअनुसार प्रयोग गरिने भाषाका भेदलाई प्रयोजनपरक भेद तथा प्रकार्यगत भेद पनि भन्ने गरिन्छ । भाषाको प्रयोजनपरक प्रयोग भाषाको प्रकार्य हो । "भाषाका उच्च र निम्न कोडका आ-आफ्ना प्रकार्य हुन्छन्" (बन्धु, २०७३ पृ.२५८) । सहभागिताको परिस्थितिअनुसार भाषाका भिन्न कोडको अनुप्रयोग हुन्छ । सभा समारोह जस्ता औपचारिक स्थानमा भाषाको उच्च कोड र सामान्य जीवनव्यवहार तथा बोलीचालीमा निम्न कोडको प्रयोग गरिन्छ । त्यस्ता कोडले गर्ने कार्य सहभागीका आधारमा प्रयोग हुने भाषिक प्रकार्य हुन् । भाषिक प्रकार्य भाषाको प्रयोजनपरक कार्य हो । उदाहरणका लागि न्यायलयबाट दोषी ठहर गरी गरिएको सजायको फैसलाले दोषीलाई जरिवाना र जेल सजाय हुन्छ । यस्तो फैसलाको कार्यान्वयनबाट हुने कार्यसम्पादन नै भाषिक प्रकार्य हो । विभिन्न विषयक्षेत्रअनुसार दैनिक व्यवहार सञ्चालन गर्न प्रयोग गरिने भाषाबाट हुने कार्यसम्पादनलाई भाषिक कार्यका रूपमा लिइन्छ ।

मानवीय दैनिक व्यवहार सञ्चालन गर्न भाषाको खाँचो पर्दछ । "समाजमा रहनसहन, रीतिस्थिति, घरेलु व्यवहार, दैनिक व्यवहार, सामाजिक, साँस्कृतिक, राजनीति, धार्मिक आर्थिक आदी व्यवहारका लागि भाषाको खाँचो पर्ने हुनाले मानवका सामाजिक आवश्यकता परिपूर्तिका निम्ति गरिने भाषिक व्यवहार नै भाषिक प्रकार्य हो" (निरौला, २०२२, पृ.१०) । भाषिक प्रकार्यले सामाजिक व्यवहार सञ्चालनका विभिन्न सन्दर्भमा मानवीय आवश्यकता परिपूर्ति गर्ने कार्य

गर्दछ । सामाजिक परिस्थितिअनुसार भाषाका माध्यमबाट समय, क्रम, मात्रा, स्थान, परिस्थिति विशेष विभिन्न धारणा अभिव्यक्त हुन्छन् । यस्ता धारणात्मक अभिव्यक्तिले समय परिस्थितिअनुसार विन्ती, अनुरोध, आदेश, स्वागत जस्ता विभिन्न कार्य सम्पादन गर्दछन् । यिनै सम्पादित कार्य भाषिक प्रकार्य हुन् शर्मा र पौडेल (२०६०, पृ.८५) काअनुसार भाषामा व्यक्त हुने धारणा र धारणा सम्प्रेषणका लागि प्रयोग गरिने सम्प्रेषणात्मक अभिव्यक्ति भाषिक प्रकार्य हुन् । भाषिक प्रकार्य एक किसिमको वाक्क्रिया हो । वाक् (बोली) ले एक किसिमको कार्य (क्रिया) गर्दछ । "वाक्क्रिया भाषिक कार्यको व्यवस्थित अध्ययन सम्बद्ध सिद्धान्त हो । यसले भाषिक अभिव्यक्ति वा उच्चारणबाट हुने कार्यसम्पादन लाई जनाउँछ" (भुसाल, २०७८, पृ. ८३) । विभिन्न सामाजिक सन्दर्भ, विषय, क्षेत्र, सहभागी, परिस्थितिअनुसार भाषिक प्रयोग तथा भाषाका माध्यमबाट हुने कार्यसम्पादन विशेष नै भाषिक प्रकार्य हुन् ।

विचार सम्प्रेपणमा दोहोरो प्रक्रिया घटित हुन्छ । यही दोहोरो प्रक्रियाबाट वाक्क्रिया सम्पन्न हुन्छ । प्रेषक, प्रापक, सन्दर्भ, सन्देश, माध्यम, सङ्केतन र विसङ्केतन सञ्चार (वाक्क्रिया) का आवश्यक तत्त्व हुन् (गौतम र चौलागाई, २०७०, पृ.२) । भाषिक सम्प्रेषणात्मक कार्यमा यिनै तत्वले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । प्रेषक/वक्ता/लेखकले निश्चित सन्दर्भमा भाषाको प्रयोग गरी सन्देश सम्प्रेषण गर्दछ र प्रापक/श्रोता/ पाठकले सन्देशलाई विसङ्केतन गरी भाव ग्रहण गर्दछ । अभिव्यक्तिमा आधारित सन्देशका आधारमा भाषिक कार्य सम्पादन हुन्छ । यिनै सम्प्रेषणात्मक प्रक्रियागत तत्वका आधारमा वाक् घटना, वाक्क्रिया, तथा भाषिक सञ्चार हुन्छ र तत्वका आधारमा भाषिक प्रकार्यका प्रकारहरू निर्धारित हुन्छन् । सम्प्रेषणात्मक प्रक्रियालाई हेर्दा भाषिक सम्प्रेषणात्मक प्रकार्यमा भावनात्मक, सन्दर्भात्मक, पाठात्मक/कवितात्मक, सम्पर्क/सम्बन्धनात्मक, अधिभाषिक, इच्छापरक (ज्याकोप्सन, १९९७, पृ.७१) भाषिक प्रकार्यहरू घटित हुन्छन् । वाक्प्रक्रियामा वक्ता/लेखक/प्रेषकसँग भावनात्मक भाषिक प्रकार्य सम्बन्धित छ भने सम्प्रेषणात्मक प्रक्रियामा घटित सन्दर्भसँग सन्दर्भपरक भाषिक प्रकार्य सम्बन्धित छ। सन्दर्भात्मक भाषिक प्रकार्यअन्तर्गत भाषा, भाषा प्रयोगको क्षेत्रठाउँ, सम्प्रेषणमा सहभागी व्यक्ति र व्यक्तिले प्रयोग गर्ने भाषा (ह्यालिडे, १९८९, पृ.५५) पर्दछन् । यो भाषा प्रयोगको परिस्थितिको सन्दर्भ हो । भाषिक सम्प्रेषणमा निश्चित सन्देश हुन्छ । सन्देश भनेको विचार भावना वा अनुभूति हो । प्रेषकले मूल रूपमा आफ्ना भावना, विचार वा अनुभूतिलाई प्रेषित गर्ने लक्ष्य राखेको हुन्छ। (गौतम र चौलागाईं, २०७०, पृ.२) भाषिक सञ्चारमार्फत् हुने विचार भावना/सन्देशसँग सम्बन्धित कार्य भाषाको पाठात्मक/ काव्यिक प्रकार्य हो। यसै गरी भाषिक सम्प्रेषणका सन्दर्भमा वक्ता र श्रोताबिच सन्देश प्रवाहमा सम्पर्क सम्बन्ध पनि कायम हुन्छ। सन्देश प्रवाहमा सम्प्रेषणात्मक सम्बन्ध कायम गर्नका लागि माध्यमको प्रकार्यमा (हलो, तपाईंले मलाई सुन्नु भएको छ ?) भाषिक सम्प्रेषणमा आकर्षित गर्न वा जोडिन सम्पर्क/सम्बन्धनात्मक प्रकार्यले कार्य गर्दछ । अधिभाषिक प्रकार्य भाषिक कोडसँग सम्बन्धित छ । भाषाका विभिन्न भेद (उच्च, निम्न, औपचारिक, अनौपचारिक) भाषिक कोडको प्रयोगसँग सम्बन्धित भाषिक प्रकार्य भाषाको अधिभाषिक प्रकार्य हो ।अधिभाषिक प्रकार्यले हाम्रो दैनिक जीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ (ज्याकोब्सन, १९८९, पृ.६९) । भाषिक अधिप्रकार्यभित्र आनुभाविक, तार्किक, अन्तर्वैयक्तिक र पाठात्मक अधिप्रकार्यहरू पर्दछन् । विचारात्मक (आनुभाविक र तार्किक ) भाषिक अधिप्रकार्य क्षेत्र विषयसँग, अन्तर्वैयक्तिक अधिप्रकार्य सहभागीसँग र पाठात्मक अधिप्रकार्य कथ्य र लेख्य भेदसँग सम्बन्धित हुन्छन् (चौलागाईं, २०६९, पृ.१७२) । इच्छापरक भाषिक प्रकार्य श्रोता/पाठकसँग

सम्बन्धित छ। यस प्रकार्यको मुख्य उद्देश्य श्रोता वा पाठको मनोवृत्ति व्यवहारलाई प्रभाव पार्नु हो (लिच, १९७४, पृ.४०) यो निर्देशनात्मक भाषिक प्रकार्य हो । वक्ताको आदेश निर्देश, अनुमतिबाट श्रोतामा प्रभाव र त्यसबाट हुने कार्यसम्पादन निर्देशनात्मक भाषिक प्रकार्य हो । सम्प्रेषणात्मक प्रक्रियामा अभिव्यक्तिमूलक (भावात्मक) भाषिक प्रकार्य वक्ता/लेखकसँग, पाठात्मक प्रकार्य सन्देशसँग, सम्बन्धात्मक भाषिक प्रकार्य सञ्चारको माध्यमसँग, सन्दर्भमूलक कार्य परिस्थितिको सन्दर्भसँग सम्बन्धात्मक (निर्देशनात्मक) भाषिक प्रकार्य श्रोता/पाठकसँग सम्बन्धित छन् (लिच, १९७४, पृ.४२) यिनै सम्प्रेषणात्मक प्रकार्यबाट विभिन्न कार्य सम्पादन हुन्छन् ।

भाषा सङ्कथनमा अभिव्यक्त हुन्छ र सन्दर्भमा अर्थिन्छ। भाषाको सन्दर्भपरक प्रयोग एक किसिमले पूर्ण भाषिक प्रकार्य वा वाक्क्रिया हो । वाक्क्रिया सम्पादनकारी क्रियाबाट सम्पन्न हुन्छ । कार्य सम्पादनका दृष्टिकोणले क्रियालाई सम्पादनकारी र सूचनामूलक गरी दुई दृष्टिकोणले हेर्न सकिन्छ। केही कुराको जानकारी वा सूचना प्रवाहका लागि गरिने उच्चारलाई सूचनामूलक तथा निश्चित कार्य सम्पन्न गर्न वा गराउनका लागि गरिने भाषिक उच्चारलाई सम्पादनकारी उच्चार भनिन्छ (भुसाल, २०७८, पृ. ५०) । सम्पादनकारी क्रियाबाट कार्य सम्पादन हुने अष्टिनको दृष्टिकोण भए तापनि सबै किसिमका क्रियाबाट कार्य सम्पादन हुने देखिन्छ । सूचना जानकारी प्रदान गर्नु पनि एक किसिमको प्रकार्य हो। सम्पादनकारी क्रियाबाट कार्यसम्पादनका लागि व्यक्ति र स्थानको उपयुक्तता, कार्यको पूर्णता र उपयुक्तता तथा आशयको उपयुक्तताको आवश्यक पर्दछ । यस्ता सुहाउँदा सर्तबाट वचनात्मक, वचनेतर तथा वचन प्रवाही कार्य सम्पादन हुन्छन् । सर्लका अनुसार भाषाको उच्चारबाट एकैसाथ तिनओटा कार्य सम्पन्न हुन्छन् । पहिलो कार्य अर्थपूर्ण वाक्यको उच्चार हो अर्थात् यो भाषाको उच्चारण मात्रै गर्ने कार्य हो....दोस्रो उच्चरित वाक्यबाट वक्ताले श्रोतालाई केही काम गर्न प्रेरित गर्छ अर्थात् वक्ताले भाषाको प्रयोगबाट कुनै कार्य सम्पादन गर्छ ....भाषिक उच्चारबाट हुने तेस्रो कार्य चाहिँ श्रोतालाई प्रभाव पार्ने कार्य हो (यादव र रेग्मी, २०५८, पृ. ३०९)। क्रमशः पहिलो कार्य वचनात्मक, दोस्रो कार्य वचनतेर र तेस्रो कार्य वचनप्रवाही कार्य हो । यी कार्यहरू सम्पादनकारी क्रियाबाट सम्पादित हुन्छन् । सम्पादनकारी क्रियालाई सूक्ष्म रूपले निर्णयात्मक, अभ्यासात्मक, प्रतिज्ञामूलक, मनोवृत्तिमूलक, व्याख्यात्मक (अस्टिन, १९६२, पृ.१५१) गरी पाँच प्रकारमा हेर्न सकिन्छ। (भुसाल, २०७८, पृ. ८९) का अनुसार निर्णयात्मक कार्यले विभिन्न प्रमाण र कारणका आधारमा मूल्य वा तथ्यको प्रवाह गर्ने, अभ्यासात्मक कार्यले निर्णयको पक्ष विपक्षमा बोल्ने, प्रतिज्ञामूलक कार्यले निश्चित कार्यका लागि प्रतिज्ञा गर्ने, मनोवृत्तिमूलक कार्यले सामाजिक सम्बन्ध स्थापना गर्ने र व्याख्यात्मक कार्यले उच्चारको थप व्याख्या गर्ने तथा स्पष्टीकरण दिने कार्य गर्दछ । यी सम्पादनकारी क्रियाका आधारभूत भेदहरू हुन् । सम्पादानकारी क्रियाबाट यिनै विभिन्न प्रकारबाट भाषिक कार्य सम्पादन हुन्छन् । भाषिक प्रकार्यमा सम्पादनकारी क्रिया पदावली/वाक्यले विशेष भूमिका खेल्दछन् । यद्यपि अन्य क्रिया तथा पदावलीबाट पनि भाषिक कार्य भने सम्पादित हुने गर्दछ ।

सम्पादनकारी क्रियाबाट मात्र होइन भाषामा प्रयोग हुने सबै प्रकारका क्रियाबाट कार्य सम्पादन हुन्छ । विशेष गरी सम्पादनकारी क्रियाका आधारमा गरिने वर्गीकरणलाई सम्पादनकारी क्रियाको वर्गीकरणका रूपमा लिन सकिन्छ । यो विशेष गरी अस्टिनको वर्गीकरण हो भने सर्लेले वाक्क्रियालाई निश्चर्यात्मक, निर्देशात्मक, प्रतिज्ञामूलक, अभिव्यक्तिमूलक र घोषणात्मक गरी पाँच प्रकारका वर्गीकरण गरेका छन् । सर्लेद्वारा

प्रस्तुत वर्गीकरणलाई वाक्क्रियाको वर्गीकरणका रूपमा लिनु समीचीन हुन्छ (भुसाल, २०७८ पृ.९२)। यी वाक्क्रियाका रूपमा रहेका निश्चर्यात्मक वाक्क्रियाबाट सोझो तथ्ययुक्त उच्चार हुन्छ भने निर्देशनात्मक वाक्क्रियाबाट निर्देशन, आदेश, सल्लाहको कार्य सम्पादन हुन्छ । प्रतिज्ञामूलक वाक्क्रिया वा भाषिक प्रकार्यबाट घोषणा, चेतावनी, वाचाको कार्य सम्पादन हुन्छ भने अभिव्यक्तिमूलाक वाक्क्रिया वा भाषिक प्रकार्यबाट बधाई, स्वागत, समवेदना जस्ता सामाजिक सम्बन्धात्मक कार्य सम्पन्न हुन्छन् । यसै गरी घोषणात्मक वाक्क्रिया वा भाषिक प्रकार्यबाट घोषणा प्रतिज्ञामूलक भाषिक कार्य निष्पन्न हुन्छ । फरकफरक किसिमका वाक्क्रियाबाट फरकफरक भाषिक प्रकार्य सम्पन्न हुन्छन् । यस्ता वाक्क्रिया तथा भाषिक प्रकार्य परिस्थितिको सन्दर्भको सहारामा सङ्कथनात्मक रूपमा प्रकटन हुन्छन् ।

भाषाले गर्ने कार्य विशेषतः सन्दर्भसँग सम्बन्धित हुन्छ । प्रसङ्ग सन्दर्भविना भाषाको प्रयोग व्यवहार सिद्ध नहुने भएकाले सर्वप्रथम सन्दर्भको बोध र पहिचान आवश्यक ठानिन्छ । प्रत्यक्ष वा साझो अर्थ सम्प्रेषणका लागि प्रत्यक्ष कथन वा वाक्क्रियाले काम गर्दछ । प्रत्यक्ष वाक्क्रियाले विशेषतः एक किसिमको अर्थ प्रकटन तथा वहन गर्छ । भाषाले सधैं सोझो अर्थ मात्रै बोक्दैन र एउटा मात्र कार्य सम्पादन गर्दैन । वाक्क्रियाको विशेष प्रकृतिको प्रयोग र बुझाइका लागि अप्रत्यक्ष वाक्क्रिया आवश्यक पर्दछ । "वस्तुतः भाषिक अभिव्यक्ति वा उच्चारका क्रममा त्यसरी सम्पादन हुने अतिरिक्त भाषिक कार्यलाई अप्रत्यक्ष वाक्क्रिया भनिन्छ" (भुसाल, २०७८, पृ. ९५) । अप्रत्यक्ष वाक्क्रियाबाट श्रोताका क्षमता र भाषिक कार्य दुबै सम्पादन हुन्छन् । 'तिमी मलाई पैसा देऊ' भन्ने वाक्यलाई हेर्दा एकातिर श्रोताका दिने क्षमताको परीक्षण तथा अर्को दिने कामसमेत गरिएको छ । एकै उच्चारबाट दुई किसिमका कार्य भएकाले यसलाई अप्रत्यक्ष वाक्क्रिया वा भाषिक प्रकार्यका रूपमा लिइन्छ । अप्रत्यक्ष वाक्क्रिया वा भाषिक कार्य विषयवस्तुको सन्दर्भ तथा प्रसङ्गसँग सम्बन्धित हुन्छ ।

भााषिक उच्चारबाट प्रत्यक्ष र अप्रत्यक्ष कार्य सम्पादन मात्रै हुँदैनन् । यिनले भाषिक उच्चारका क्रममा सूक्ष्म र स्थूल कार्य पनि गर्दछन् । परिस्थितिअनुसार भाषिक उच्चारबाट सूक्ष्म र स्थूल किसिमका भाषिक कार्यहरू सम्पादित हुन्छन् । "सूक्ष्म भाषिक प्रकार्यले निश्चित वैयक्तिक भाषिक प्रयोग तथा कार्य र स्थूल भाषिक प्रकार्यले सामान्यतया वृहत्तर उद्देश्यका लागि भाषिक प्रयोगलाई जनाउँदछ" (फ्रिन्च, २००३, पृ. २१) । सूक्ष्म भाषिक प्रकार्य सानो घेरा, सानो क्षेत्रका भाषिक प्रकार्य हुन् भने बृहत्तर भाषिक प्रकार्य व्यापक क्षेत्रमा प्रयोग हुने भाषिक प्रकार्य हुन् । भाषाका शारीरिक, सम्पर्कात्मक, अभिलेखमूलक, पहिचानात्मक, कारणमूलक, सञ्चारात्मक, आदानात्मक सूक्ष्म प्रकार्य हुन् भने पहिचानात्मक, अन्तर्वैयक्तिक, काव्यात्मक, पाठात्मक भाषिक प्रकार्य स्थूल (बृहत) (फ्रिन्च, २००२, पृपृ.२१–४१) भाषिक प्रकार्य हुन् । सूक्ष्म भाषिक प्रकार्य व्यक्तिगत तथा स्थूल भाषिक प्रकार्य सामूहिक प्रकृति हुन्छन् । यिनको सन्दर्भअनुसार वैयक्तिक र सामूहिक कार्य गर्दछन् ।

भाषाका विभिन्न प्रकार्यमार्फत् कार्यसम्पादन गर्न सक्षम बनाउन भाषाशिक्षणमा अझ विशेष गरी दोस्रो भाषाशिक्षणलाई प्रभावकारी तथा विद्यार्थीहरूमा भाषिक प्रकार्यात्मक सम्प्रेषणात्मक क्षमता विकास गर्नका लागि पछिल्ला दिनहरूमा प्रकार्यात्मक सम्प्रेषणात्मक भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक, शिक्षण सामग्रीको निर्माण, प्रयोग तथा सिकाइ सहजीकरण प्रक्रिया अवलम्वन गर्न थालिएको छ ।


विश्वमा सन् १९६० को दशकपछाडि भाषाशिक्षणमा अनुभववादी दर्शन र व्यवहारवादी मनोविज्ञानमा

आधारित मौखिक संरचना सन्दर्भ पद्धतिका विरुद्ध समाज भाषाविज्ञानीले सुझाएका भाषिक प्रकार्य तथा सम्प्रेषणात्मक प्रकार्यका आधारमा सिकारुमा सम्प्रेषणात्मक सक्षमता हासिल गर्ने हेतुले भाषा सिकाइका लागि प्रकार्यात्मक सम्प्रेषणात्मक पाठ्यक्रम पाठ्यसामग्री निर्माण गर्न थालिएबाट भाषाशिक्षणमा प्रकार्यात्मक सम्प्रेषणात्मक पद्धतिको विकास भयो । यसमा विशेष गरी डी.ए. विल्किन्स (१९७६), डेल हाइम्स (१९७०), डेभिड नुनन (१९८८), जोन मुनवाई (१९७८), भान डिक र ट्रिम (१९९०), रोविन मेलारोस (२०१५) फिनाकानो र ब्रमफिट (१९८३) को महत्वपूर्ण योगदान रहेको छ । डेल हाइम्स, विल्किन्स, भान डिक र ट्रिम र फिनाकानो ब्रुमफिटले धारणात्मक-प्रकार्यात्मक सम्प्रेषणमूलक पाठ्यक्रमका बारेमा महत्वपूर्ण योगदान पुर्‍याएर भाषा पाठ्यक्रमका लागि विभिन्न धारणा तथा धारणाअनुसार सम्पादन हुने भाषिक प्रकार्यका बारेमा चर्चा गरेको पाइन्छ । डी.ए. विल्किन्स (१९७६) मा दोस्रो भाषाशिक्षणका लागि प्रस्तावित धारणात्मक पाठ्यांशमा भाषिक प्रकार्यका रूपमा न्यायिक निर्णय र मूल्याङ्कन, उत्तेजना, तर्क, तार्किक खोज तथा प्रदर्शन, वैयक्तिक संवेग र भावनात्मक सम्बन्ध (पृपृ. ४४-५४) जस्ता भाषिक प्रकार्यहरू उल्लेख गरेका छन् । यसैगरी फिनाकानो र ब्रमफिट (१९८३) ले कार्यात्मक धारणात्मक पद्धतिमा वैयक्तिक, अन्तवैयक्तिक, निर्देशनात्मक, सन्दर्भमूलक र परिकल्पनात्मक गरी पाँच ओटा प्रकार्य उल्लेख गरेका छन् । युरोपियन काउन्सिलबाट प्रकाशित भान डिक र ट्रिमले दोस्रो भाषाका रूपमा अंग्रेजी शिक्षणका लागि प्रकाशित गरेको थ्रेसहोल्ड (१९९०) पुस्तकमा भाषा सिकाइका लागि सामान्य र विशिष्ट धारणा उल्लेख गरी भाषिक प्रकार्यको चर्चा गरेका छन् । थ्रेसहोल्ड तह (यसको लक्ष्य प्राथमिक देखि १६ वर्ष) का लागि निर्माण गरिएको (जोन फ्लावरड्यु २०१२, पृ. ८४) यस ढाँचामा तथ्यात्मक सूचनाको खोजी र प्रस्तुति, बाहिरी मनोवृत्तिको खोजी र अभिव्यक्ति, उत्तेजना, सामाजिकीकरण, सङ्कथनको निर्माण र सञ्चारको सुधार जस्ता भाषिक प्रकार्यहरू प्रयोग गरेका छन् । भाषाशिक्षणका सन्दर्भमा पछिल्ला दिनहरूमा यिनै प्रकार्यात्मक सम्प्रेषणात्मक सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाको प्रयोग गरी विश्वका विभिन्न देशहरूमा भाषाशिक्षण अग्रगामी छ ।

**विश्लेषणात्मक ढाँचा**

माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यको विश्लेषणमा आधारित प्रस्तुत अध्ययनमा निम्नानुसारको सैद्धान्तिक ढाँचाको अनुप्रयोग गरिएको छ ।

**विश्लेषणात्मक ढाँचा**



राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार तयार पारिएको माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रमले विद्यार्थीहरूमा भाषिक सिपगत सक्षमता विकास गराउने उद्देश्य राखेको छ । भाषिक कार्यसम्पादनमा कल्पनात्मक, अनुमानात्मक, तार्किक, अन्तर्क्रियात्मक, सिर्जनात्मक र समलोचनात्मक सिपको उपयोग गरी विद्यार्थीहरूमा भाषिक प्रकार्यात्मक/सम्प्रेषणात्मक सक्षमता हासिल गराउने उद्देश्यले निर्माण गरिएको माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषा पाठ्यक्रममा विभिन्न विधा, विधाअन्तर्गत बोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास तथा भाषिक प्रकार्य उल्लेख गरिएको छ। यहाँ माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यलाई उपर्युल्लिखित सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाका आधारमा फरकफरक शीर्षकमा प्रस्तुत तथा विश्लेषण गरिएको छ :

### भाषिक प्रकार्यको प्रस्तुतीकरण

माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा विषयवस्तुको क्षेत्र तथा क्रम र त्यसको विस्तृतीकरणमा विधा/क्षेत्रअन्तर्गत भाषिक प्रकार्यहरू उल्लेख गरिएको छ । यहाँ माध्यमिक तह (कक्षा ९ र १०) का विधा र विधाअन्तर्गत राखिएका भाषिक प्रकार्यलाई कक्षागत रूपमा छुट्टाछुट्टै तालिकीकरण गरी प्रस्तुत गरिएको छ :

माध्यमिक तह (कक्षा ९) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्य माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९ र १०) अन्तर्गत कक्षा ९ को नेपाली भाषापाठ्यक्रममा तहगत सक्षमता(कक्षा ९ र १०) प्राप्तिका लागि कक्षागत सिकाइ उपलब्धि निर्धारण गरिएको छ । कक्षा ९ को पाठ्यक्रममा सुनाइ र बोलाइका लागि २३ ओटा र पढाइका लागि १९ ओटा र लेखाइका लागि २० ओटा गरी जम्मा ६२ ओटा कक्षागत सिकाइ उपलब्धि राखिएका छन् । यिनै कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि विभिन्न विधा/क्षेत्रका १६ ओटा पाठहरू राखिएका छन् । विभिन्न विषयक्षेत्रका तीनओटा कविता, चारओटा कथा, तिनओटा निबन्ध, दुईओटा जीवनी र दुईओटा व्यावहारिक लेखन, एउटा संवाद र एउटा वक्तृता (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८, पृपृ.१५-२५) गरी जम्मा विधाका १६ ओटा पाठहरू राखिएका छन् । यिनै विभिन्न विधा/क्षेत्रअन्तर्गत बोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास तथा भाषिक प्रकार्य राखिएका छन् । माध्यमिक तह नेपाली विषय कक्षा ९ को भाषापाठ्यक्रममा राखिएका विधा/क्षेत्र र भाषिक प्रकार्यलाई तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. १**

***माध्यमिक तह कक्षा ९ को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्य***

| क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | कविता (पद्य/प्रकृतिपरक) | विनम्रता | ७ | कथा (लोक) | समीक्षा | १३ | व्यावहारिक लेखन (कार्यालयीय चिठी) | शुभेक्षा |
| २ | कथा(सामाजिक) | तुलना | ८ | कविता( गीति/देशप्रेम) | स्नेह र प्रेरणा | १४ | निबन्ध (समाज श्रम) | अवस्था वर्णन |
| ३ | निबन्ध(कृषि) | कामप्रतिको प्रतिबद्धता | ९ | नियात्रा | अपेक्षा र विश्वास | १५ | गद्य कविता (समाज/श्रम) | परिकल्पना |
| ४ | व्यावहारिक लेखन (निवेदन) | स्वागत र आतिथ्य | १० | वक्तृता | नेतृत्व | १६ | कथा( बालमनोवैज्ञानिक) | सोधपुछ |
| ५ | जीवनी (राष्ट्रिय) | प्रेरणा | ११ | कथा(सामाजिक) | सान्त्वना र प्रोत्साहन | | | |
| ६ | संवाद (वाणिज्य/पर्यावरणीय) | निष्कर्ष पहिचान | १२ | जीवनी(अन्तर ाष्ट्रिय) | व्यक्तिवृत्त मूल्याङ्कन | | | |

*स्रोत: माध्यमिक शिक्षा पाठ्यकम (कक्षा ९र १०) २०७८*

उल्लिखित तालिकालाई हेर्दा माध्यमिक तह कक्षा ९ को नेपाली भाषा पाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. १ मा राखिएको प्रकृतिपरक पद्य कविता विधामा विनम्रता, क्र.सं. २ मा राखिएको सामाजिक कथा विधामा तुलना, क्र.सं.३ मा राखिएको कृषि विषयक निबन्ध विधामा कामप्रतिको प्रतिबद्धता, क्र.सं. ४ मा राखिएको व्यावहारिक लेखन विषयक्षेत्रमा स्वागत र आथित्य, क्र.सं. ५ मा राखिएको अन्तर्राष्ट्रिय जीवनी विधामा प्रेरणा, क्र.सं. ६ मा राखिएको वातावरणीय/वाणिज्य रूपक (संवाद) विधामा निष्कर्ष पहिचान, क्र.सं. ७ मा राखिएको लोककथा विधामा समीक्षा, क्र.सं. ८ मा राखिएको गीति देशप्रेम कविता विधामा स्नेह र प्रेरणा, क्र.सं. ९ मा राखिएको नियात्रा विधामा अपेक्षा र विश्वास, क्र.सं.१० मा राखिएको वक्तृत्व विधामा नेतृत्व, क्र.सं.११ मा राखिएको सामाजिक कथा विधामा सान्त्वना र प्रोत्साहन, क्र.सं. १२ मा राखिएको अन्तर्राष्ट्रिय जीवनी विधामा व्यक्तित्व मूल्याङ्कन, क्र.सं. १३ मा राखिएको व्यावहारिक लेखन (कार्यालयीय चिठी) विधा विषयमा शुभेक्षा, क्र.सं. १४ मा राखिएको समाज श्रम निबन्ध विधामा अवस्था वर्णन, क्र.सं. १५ मा राखिएको समाज श्रम विषयक गद्य कविता विधामा परिकल्पना र क्र.सं. १६ मा राखिएको बाल मनोवैज्ञानिक क्षेत्रको कथा विधामा सोधपुछ भाषिक प्रकार्य राखिएका छन् । प्रत्येक विधा एवम् विषय क्षेत्रका लागि फरकफरक भाषिक प्रकार्य राखी विद्यार्थीहरूमा फरकफरक विधा र विषयमा फरकफरक भाषिक प्रकार्यगत सक्षमताको विकास गर्ने उद्देश्य माध्यमिक तह कक्षा ९ को नेपाली भाषापाठ्यक्रमले राखेको पाइन्छ ।

### माध्यमिक तह (कक्षा १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्य

माध्यमिक तह कक्षा १० को नेपाली भाषापाठ्यक्रममा तहगत सक्षमता (कक्षा ९ र १०) प्राप्तिका लागि सुनाइ र बोलाइअन्तर्गत २३, पढाइअर्न्तगत २० र लेखाइअन्तर्गत २१ ओटा गरी जम्मा ६० ओटा कक्षागत सिकाइ उपलब्धिहरू राखिएका छन् । यिनै कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि विभिन्न १७ ओटा विधा/क्षेत्र राखिएका छन् । यी विधा/क्षेत्र तथा विषयवस्तुअन्तर्गत चारओटा कथा, तीनओटा कविता, तीनओटा जीवनी, तीनओटा निबन्ध, रुपक विधाअन्तर्गत मनोवाद, वादविवाद र एकाङ्की एक-एक गरी तीनओटा र व्यावहारिक लेखन एक (माध्यमिक शिक्षा पाठ्यक्रम २०७८, पृ.पृ.१५-३२) गरी जम्मा १७ ओटा विधा/क्षेत्रका विषयवस्तु राखिएका छन् । यिनै विधा/क्षेत्रअन्तर्गत बोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास तथा भाषिक प्रकार्य राखिएका छन् । माध्यमिक तह कक्षा १० को नेपाली भाषापाठ्यक्रममा समाविष्ट विधा/क्षेत्र तथा भाषिक प्रकार्यलाई तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. २**

***माध्यमिक तह कक्षा १० को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्य***

| क.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | कविता (पद्य नीतिचेतनामूलक) | विनयशीलता | ७ | कथा (मनोवैज्ञानिक) | उत्सुकता | १३ | निबन्ध (हास्यव्यङ्ग्य) | व्यङ्ग्य |
| २ | कथा (ऐतिहासिक/ पौराणिक) | आज्ञा र आदेश | ८ | कविता (गीति/श्रम संस्कृति) | सम्मान | १४ | एकाङ्की (साँस्कृतिक/सामाजिक) | संवेग |
| ३ | निबन्ध (वस्तुपरक चिकित्सा)( | कारण र प्रभाव | ९ | निबन्ध (आत्मपरक कानुनी/ शिक्षा) | दृष्टिकोण | १५ | कविता (गद्य समाज/मानवमूल्य) | सद्भाव |
| ४ | मनोवाद | अनुभूति | १० | व्यावहारिक लेखन (व्यावसायिक चिठी) | आह्वान | १६ | कथा (सामाजिक) | समस्या समाधान |
| ५ | जीवनी (राष्ट्रिय) | अभिप्रेरणा | ११ | कथा(सामाजिक) | सम्भावना | १७ | जीवनी (राष्ट्रिय) | प्रेरणा |
| ६ | वादविवाद | सम्प्रेषण | १२ | जीवनी(अन्तर्राष्ट्रिय) | उत्साह | | | |

*स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९र १०) २०७८*

उपर्युक्त तालिकालाई हेर्दा माध्यमिक तह कक्षा १० को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. १ मा राखिएको पद्य-नीति चेतनामूलक कविता विधामा विनयशीलता, क्र.सं. २ मा राखिएको ऐतिहासिक/पौराणिक कथा विधाामा आज्ञा र आदेश, क्र.सं. ३ अन्तर्गत वस्तुपरक/चिकित्सा निबन्ध विधामा कारण-प्रभाव, क्र.सं. ४ मा राखिएको रूपक (मनोवाद) विधामा अनुभूति, क्र.सं. ५ मा राखिएको राष्ट्रिय जीवनी विधामा अभिप्रेरणा, क्र.सं. ६ मा राखिएको रूपक (वादविवाद) विधामा सम्प्रेषण, क्र.सं.७ मा राखिएको मनोवैज्ञानिक कथा विधामा उत्सुकता, क्र.सं. ८ मा राखिएको गीति (श्रम/संस्कृति) कविता विधामा सम्मान, क्र.सं. ९ मा राखिएको आत्मपरक कानुनी/शिक्षा निबन्ध विधामा दृष्टिकोण, क्र.सं. १० मा राखिएको सामाजिक कथा विधामा सम्भावना, क्र.सं. १२ मा राखिएको अन्तर ाष्ट्रिय जीवनी विधामा उत्साह, क्र.सं. १३ मा राखिएको हास्यव्यङ्ग्य निबन्ध विधामा व्यङ्ग्य, क्र.सं. १४ मा राखिएको सामाजिक/साँस्कृतिक रूपक (एकाङ्की) विधामा संवेग, क्र.सं. १५ मा राखिएको समाज मानव मूल्य कविता विधामा सद्भाव, क्र.सं.१६ मा राखिएको सामाजिक कथा विधामा समस्या समाधान र क्र.सं. १७ मा राखिएको राष्ट्रिय जीवनी विधामा प्रेरणा भाषिक प्रकार्य राखिएका छन् । माध्यमिक तहमा प्रत्येक विधा क्षेत्रका लागि फरक–फरक भाषिक प्रकार्य उल्लेख गरिएको पाइन्छ ।

### भाषिक प्रकार्यको विश्लेषण

उपर्युक्त तालिकाहरूमा प्रस्तुत माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यहरूलाई यहाँ तहगत (कक्षा ९ र १०) रूपमा तथ्यगत विश्लेषण गरिएको छ । भाषिक प्रकार्य विश्लेषण गर्दा भाषिक प्रकार्यका सैद्धान्तिक मान्यता तथा आधारभूत सिद्धान्तका रूपमा मूलतः विश्लेषणात्मक ढाँचामा उल्लिखित गरिएका डी.ए. विल्किन्स (१९७९) र भ्यान इक र ट्रिम (१९९८) का ढाँचालाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ । यहाँ भाषिक प्रकार्यलाई विश्लेषण गर्दा माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यलाई एकीकृत रूपमा वर्गीकरण तथा विश्लेषण गरिएको छ ।

### निर्णय तथा मूल्याङ्कन

व्यक्ति, वस्तु, पदार्थ, अवस्थाको यथोचित र न्यायिक निर्णय गर्नु निर्णय र मूल्याङ्कनगत भाषिक प्रकार्य हो । यस भाषिक प्रकार्यअन्तर्गत मूल्याङ्कन, फैसला, आँकलन, आरोप, स्वीकृति, अस्वीकृति, दोष, निन्दा, विस्थापन, स-सम्मान आदि (विल्किन्स, १९७९, पृपृ.४४-४६) जस्ता भाषिक प्रकार्यहरू पर्दछन् । व्यक्तिको बानीव्यवहारको मूल्याङ्कन गरी निर्णय गर्ने जस्ता प्रकार्य यसभित्र पर्दछन् । निर्णय र मूल्याङ्कन भाषिक प्रकार्यमा निर्णय लिने, मूल्याङ्कन गरिने कामहरू गरिन्छन् । यसभित्र गणना गर्ने, नियमन गर्ने, अनुमान गर्ने, आँकलन गर्ने, चारित्रीकरण गर्ने, (अस्टिन, १९६२, पृ.१५२) सम्पादनकारी क्रियाहरू पर्दछन् । माध्यमिक तह( कक्षा ९र १०) को नेपाली भाषापाठ्यक्रममा प्रत्येक विधा/क्षेत्रका पाठका लागि भाषिक प्रकार्यहरु निर्धारण गरिएको छ । माध्यमिक तह(कक्षा ९र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट निर्णय तथा मूल्याङ्कनभित्र पर्ने भाषिक प्रकार्यहरुलाई तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ३**

***माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट निर्णय र मूल्याङ्कनगत भाषिक प्रकार्य***

| कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/ क्षेत्र | भाषिक प्रकार्य |
| १२ | अन्तर्राष्ट्रिय जीवनी | व्यक्तिवृत मूल्याङ्कन | ९ | कानुनी/ शिक्षा आत्मपरक निबन्ध | दृष्टिकोण |
| | | | ११ | कथा(सामाजिक) | सम्भावना |

*स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९र १०) २०७८*

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा माध्यमिक तह कक्षा ९ को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. १२ मा अन्तर्राष्ट्रिय जीवनीमा राखिएको व्यक्तिवृत मूल्याङ्कन भाषिक प्रकार्य निर्णय तथा मूल्याङ्कनभित्र पर्ने भाषिक प्रकार्य हो । त्यसै गरी माध्यमिक तह कक्षा १० को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. ९ मा कानुनी/शिक्षा विषयक्षेत्रको आत्मपरक निबन्ध विधामा राखिएको दृष्टिकोण र क्र.सं.११ मा सामाजिक कथा विधामा राखिएको सम्भावना गरी जम्मा दुईओटा निर्ण र मूल्याङ्कनगत भाषिक प्रकार्यभित्र पर्दछन् । माध्यमिक तह कक्षा ९ मा एक र कक्षा १० मा दुई गरी जम्मा तीनओटा भाषिक प्रकार्य निर्णय र मूल्याङ्कनगत भाषिक प्रकार्य हुन् ।

**आह्वान**

कुनै पनि कार्य सम्पादनका लागि मनाउने, आह्वान गर्ने, अनुरोध गर्ने , प्रोत्साहन गर्ने जस्ता भाषिक प्रकार्य यसभित्र पर्दछन् । यस्ता भाषिक प्रकार्यहरु अरुको व्यवहारलाई प्रभाव पार्न प्रयोग गरिन्छन् । (विल्किन्स, १९७९, पृपृ.४६-४८) ले निर्देशन, सल्लाह सुझाव, परीक्षण, अनुरोध, निमन्त्रणा, स्वीकार, सिफारिस, आग्रह, अनुरोध, बाध्यकारी आदेश, अनुमान, प्रलोभन आदि जस्ता प्रकार्यहरू यस प्रकार्यभित्र राखेका छन् । त्यसै गरी यस प्रकार्यभित्र कार्यढाँचाको सल्लाह, कार्यसम्पादनको अनुरोध कार्यसम्पादनका लागि सल्लाह, आदेश निर्देश (भ्यान इक र ट्रिम १९९८, पृपृ.३९-४०) प्रकार्यहरू पर्दछन् । यो भाषिक प्रकार्य वैयक्तिक संवेग तथा संवेगात्मक सान्त्वनाको अभिव्यक्तिपूर्ण भाषिक कार्य हो । अन्य भाषिक प्रकार्यभन्दा प्रोत्साहन प्रकार्य भाषा शिक्षणका सन्दर्भमा सबैभन्दा बढी महत्व भएको भाषिक प्रकार्य हो । (विल्किन्स, १९७९, पृ.४७) । यस भाषिक प्रकार्यले नेतृत्वको विकास तथा कार्यको पूर्णताका लागि सोधपुछ र सोधीखोजी गर्ने कार्य गर्दछ । प्रोत्साहनअन्तर्गत आज्ञा, आदेश, निर्देश व्यक्तिगत सम्बन्ध, सद्भाव, अभिप्रेरणा, जस्ता भाषिक प्रकार्यहरू पर्दछन् । माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट प्रोत्साहनगत भाषिक प्रकार्यलाई तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ४**

***माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट आह्वानगत भाषिक प्रकार्य***

| कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य |
| ५ | जीवनी (राष्ट्रिय) | प्रेरणा | २ | कथा (ऐतिहासिक/पौराणिक) | आज्ञा र आदेश |
| ८ | कविता) गीति/देशप्रेम) | स्नेह र प्रेरणा | ५ | जीवनी (राष्ट्रिय) | अभिप्रेरणा |
| ९ | नियात्रा | अपेक्षा र विश्वास | १० | व्यावहारिक लेखन (व्यावसायिक चिठी) | आह्वान |
| ११ | कथा(सामाजिक) | सान्त्वना र प्रोत्साहन | | | |

*स्रोतः माध्यमिक शिक्षा पाठ्यकम (कक्षा ९र १०) २०७८*

उपर्युक्त तालिकामा उल्लिखित भाषिक प्रकार्यलाई हेर्दा माध्यमिक तह कक्षा ९ नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. ५ मा जीवनी(राष्ट्रिय) विधामा राखिएको प्रेरणा,क्र. सं. ८ गीति देशप्रेम कविता विधामा राखिएको स्नेह र प्रेरणा, क्र.सं. ९ नियात्रा विधामा राखिएको अपेक्षा र विश्वास र क्र. सं. ११ सामाजिक क्षेत्रको कथा विधामा राखिएको सान्त्वना र प्रोत्साहन तथा माध्यमिक तह कक्षा १० नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. २ कथा (ऐतिहासिक/पौराणिक) कथा विधामा राखिएको आज्ञा र आदेश, क्र.सं. ५ जीवनी(राष्ट्रिय) विधामा राखिएको अभिप्रेरणा र क्र. सं. १० मा व्यावहारिक लेखन (व्यावसायिक चिठी) विधा/विषय क्षेत्रका लागि राखिएको आह्वान गरी माध्यमिक तह (कक्षा ९ र १०)मा जम्मा सातओटा भाषिक प्रकार्य यस आह्वान वा प्रोत्साहनअन्तर्गत पर्ने भाषिक प्रकार्य हुन् ।

**तर्क**

यो भाषिक प्रकार्य सूचना तथा विचारको फेरबदल गर्ने, विनिमय गर्ने, सुधार गर्ने कार्यसँग सम्बन्धित छ । यो विशेष गरी तार्किक खोजी तथा प्रदर्शनी र प्रोत्साहनसँग सम्बन्धित र मिल्दोजुल्दो (विल्किन्स, २०७९, पृ.४९) देखिन्छ । यसभित्र विभिन्न भाषिक प्रकार्यहरू पर्दछन् । यसमा सूचना, अनुरोधको खोजी, सम्झौता, सहमति, असहमति, निष्काशन, परित्याग, माया, प्रशंसा (विल्किन्स, २०७९, पृपृ.४९-५०) जस्ता भाषिक प्रकार्यहरू पर्दछन् । यस भाषिक प्रकार्यभित्र भ्यान इक र ट्रिम (१९९८, पृ.२७) ले उल्लेख गरेका बाहिरी मनोवृत्तिको खोजी तथा अभिव्यक्ति, तथ्यात्मक तर्क, चाहना वा इच्छाको अभिव्यक्ति, घटना, सम्भावना, दायित्व, कार्य दक्षता आदिको सोधखोज तथा अभिव्यक्ति जस्ता भाषिक प्रकार्य पर्दछन् । माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट तर्कगत भाषिक प्रकार्यलाई तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ५**

***माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट तर्कगत भाषिक प्रकार्य***

| कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य |
| ३ | निबन्ध(कृषि) | कामप्रतिको प्रतिवद्धता | २ | कथा(ऐतिहासिक/ पौराणिक) | आज्ञा र आदेश |
| १६ | मनोवैज्ञानिक कथा | सोधपुछ | १० | वक्तृता | नेतृत्व |

*स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९र १०) २०७८*

यसरी हेर्दा माध्यमिक तह कक्षा ९ को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. ३ निबन्ध (कृषि) विधामा राखिएको कामप्रतिको प्रतिबद्धता र क्र.सं.१६ मनोवैज्ञानिक कथामा राखिएको सोधपुछ गरी जम्मा दुईओटा भाषिक प्रकार्य तर्क/बाहिरी मनोवृत्तिको खोजी तथा अभिव्यक्तिअन्तर्गत पर्दछन्। यसै गरी माध्यमिक तह कक्षा १० नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. २ मा ऐतिहासिक पौराणिक विषय क्षेत्रको कथा विधामा राखिएको आज्ञा र आदेश, क्र.सं.१० रुपक (वक्तृता)मा राखिएको नेतृत्व गरी जम्मा दुईओटा तर्कअन्तर्गत पर्ने भाषिक प्रकार्य हुन् । माध्यमिक तह(कक्षा ९ र १०)को पाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यमध्ये माथिको तालिकामा उल्लिखित जम्मा चारओटा भाषिक प्रकार्य तर्कअन्तर्गत पर्दछन् ।

**तार्किक खोज तथा प्रदर्शन**

भाव या विचार सम्प्रेषणका क्रममा मौखिक तथा लिखित अभिव्यक्तिल (सङकथन) लाई तुलना गर्ने, वर्णन गर्ने, फरक छुट्याउने, प्रमाणित गर्ने कारण प्रभावको व्याख्या गर्ने, अनुमान, व्याख्या विश्लेषण, परीक्षण, वर्गीकरण, निष्कर्षीकरण, खण्डनमण्डन, सामान्यीकरण (विल्किन्स, २०७९, पृपृ.५२-५३) गर्ने प्रकार्य तार्किक खोज र प्रदर्शनका भाषिक प्रकार्यहरू हुन् । यसलाई भ्यान इक र ट्रिम (१९९०, पृपृ.४२-४३) ले सङ्कथनको संरचनीकरणभित्र राखी यसभित्र थिमको सुरुवात थिमको परिचय, विचारको अभिव्यक्ति उदाहरणीकरण, संक्षेपीकरण, थिमको परिवर्तन जस्ता भाााष प्रकार्यहरू राखेको पाइन्छ । तार्किक खोज तथा प्रदर्शनअन्तर्गत मौखिक तथा लिखित साङ्कथनिक अभिव्यक्तिको निर्माण तथा समालोचनात्मक प्रकार्यसम्म राख्न सकिन्छ । यसै सन्दर्भमा माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट तार्किक खोज तथा प्रदर्शनगत भाषिक प्रकार्यलाई तालिकामा तल उल्लेख गरिएको छ :

**तालिका नं. ६**

***माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट तार्किक खोज तथा प्रदर्शनगत भाषिक प्रकार्य***

| कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य |
| २ | कथा (सामाजिक) | तुलना | ३ | निबन्ध (वस्तुपरक/ चिकित्सा) | कारण प्रभाव |
| ६ | संवाद (वाणिज्य/ पर्यावरणीय) | निष्कर्ष पहिचान | ६ | रूपक (वादविवाद) | सम्प्रेषण |
| ७ | कथा (लोक) | समीक्षा | १३ | निबन्ध (हास्यव्यङ्ग्य) | व्यङ्ग्य |
| १४ | निबन्ध (संस्कृति) | अवस्था वर्णन | १६ | कथा (सामाजिक) | समस्या समाधान |
| १५ | गद्य कविता (समाज/श्रम) | परिकल्पना | | | |

*स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९र १०) २०७८*

माथिको तालिकालाई विश्लेषण गर्दा माध्यमिक तह कक्षा ९ को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं.२ मा सामाजिक विधा/क्षेत्रको कथामा राखिएको तुलना, क्र.सं.६ मा संवाद( वाणिज्य/पर्यावरणीय) मा राखिएका निष्कर्षको पहिचान, क्र.सं.७ मा लोक कथामा राखिएका समीक्षा, क्र.सं.१४ मा संस्कृति क्षेत्रको निबन्ध विधामा राखिएका अवस्था वर्णन तथा क्र.सं.१५ मा समाज/ श्रम क्षेत्रको गद्य कवितामा राखिएका परिकल्पना गरी जम्मा पाँचओटा भाषिक प्रकार्यहरू तार्किक खोज तथा प्रदर्शन र सङ्कथनको संरचनीकरणभित्र पर्दछन् । यसै गरी माध्यमिक तह कक्षा १० नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं.३ मा वस्तुपरक/चिकित्सा विषयक्षेत्रको निबन्ध विधामा राखिएको कारण-प्रभाव, क्र.सं.६ मा रुपक (वादविवाद ) विधामा राखिएको सम्प्रेषण, क्र.सं.१६ सामाजिक विषयक्षेत्रको कथा विधामा राखिएको समस्या समाधान र क्र. सं. १३ मा हास्यव्यङ्ग्य निबन्धमा राखिएको व्यङ्ग्य गरी जम्मा चारओटा भाषिक प्रकार्य तार्किक खोजी र प्रदर्शनभित्र पर्ने भाषिक प्रकार्य हुन् । समष्टिगत रुपमा हेर्दा माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यमध्ये तालिकामा उल्लिखित नौओटा भाषिक प्रकार्यहरु तार्किक खोज तथा प्रदर्शनगत भाषिक प्रकार्य हुन् ।

**वैयक्तिक संवेग**

संवेग मानवीय मनमा उत्पन्न सकरात्मक तथा नकरात्मक उद्देलन हुन् । विभिन्न परिस्थिति, घटना, अवस्थाका कारण मनमा सकरात्मक तथा नकरात्मक संवेगहरू उत्पन्न हुन्छन् । यस्ता उद्देलित भावना सन्तुष्टि, आनन्द, अचम्म, शान्त, खुसी, अखुसी, असमजदारी, अखुसीमा प्रकट हुने तथा यस्ता भाषिक अभिव्यक्तिबाट सकरात्मक तथा नकरात्मक संवेगात्मक भाषिक प्रकार्यहरू सम्पन्न हुन्छन् । वैयक्तिक संवेगात्मक भाषिक प्रकार्यहरू कुनै घटना तथा व्यक्तिप्रति भाषिक वक्ताका संवेगात्मक प्रतिक्रियासँग सम्बन्धित हुन्छन् । (विल्किन्स, १९७९, पृ. ५३) । यी भाषिक प्रकार्यबाट मानिसका सकरात्मक तथा नकरात्मक संवेगात्मक कार्यसम्पादन हुन्छन् । यस भाषिक प्रकार्यभित्र सन्तुष्टि, आनन्द, अचम्म, आश्चर्य, खुसीपन, अखुसी, असमजदारी, झन्झट, रिस, घृणा, क्रोध आदि (विल्किन्स, १९७९, पृ.५४) भाषिक प्रकार्य पर्दछन् । यस्ता भाषिक प्रकार्यबाट

मानवीय आन्तरिक संवेगको पहिचान/खोजी तथा अभिव्यक्ति जस्ता कार्यहरू पर्दछन् । सहमति, असहमति, इच्छा, चाहना, आशा, आश्वासन, चिन्ता, माफी, नैतिक दायित्व -भ्यान इक र ट्रिम, १९९८, पृ.पृ.२९–३९) जस्ता भाषिक प्रकार्यहरू पर्दछन् । यसै सन्दर्भमा माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट वैयक्तिक संवेगगत भाषिक प्रकार्य तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ७**

***माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट वैयक्तिक संवेगगत भाषिक प्रकार्य***

| कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य |
| ८ | गीति कविता (देशप्रेम) | स्नेह र प्रेरणा | ४ | रुपक (मनोवाद) | अनुभूति |
| | | | ७ | कथा (मनोवैज्ञानिक) | उत्सुकता |
| | | | १२ | निबन्ध आत्मपरक ( कानुनी/शिक्षा) | उत्साह |
| | | | १४ | रुपक (एकाङ्की) | संवेग |

*स्रोत: माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९र १०) २०७८*

माथिको तालिकामा उल्लिखित माध्यमिक तह कक्षा ९ को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. ८ मा गीति देशप्रेम कविता विधामा राखिएको स्नेह र प्रेरणा यस वैयक्तिक संवेगात्मक भाषिक प्रकार्य अन्तर्गतको भाषिक प्रकार्य हो भने माध्यमिक तह कक्षा १० को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं.४ मा रूपक (मनोवाद) विधामा राखिएको अनुभूति, क्र.सं. ७ मा मनोवैज्ञानिक क्षेत्रको कथा विधामा राखिएको उत्सुकता, क्र.सं.१२ मा कानुनी/शिक्षा क्षेत्रको आत्मपरक निबन्ध विधामा राखिएको उत्साह, तथा क्र.सं. १४ साँस्कृतिक/ सामाजिक क्षेत्रको रूपक (एकाङ्की) विधामा राखिएको संवेग वैयक्तिक संवेगको/मनोवृत्तिको बाह्यान्तरिक अभिव्यक्तिसँग सम्बन्धित भाषिक प्रकार्यहरू हुन् । माध्यमिक तह कक्षा ९ को पाठ्यक्रममा समाविष्ट एक कक्षा १० को नेपाली भाषापाठ्यक्रममा समाविष्ट चार गरी जम्मा पाँचओटा भाषिक प्रकार्यहरु वैयक्तिक संवेगभित्र पर्ने भाषिक प्रकार्य हुन् ।

**संवेगात्मक सम्बन्ध**

मानिस सामाजिक प्राणी हो । मानिसका समाजमा आफ्नै किसिमका सम्बन्धहरू हुन्छन् । संवेगात्मक सम्बन्धको प्रकटीकरण र सम्बन्ध कायम गर्ने भाषिक प्रकार्यहरू यसअन्तर्गत पर्दछन् । यस भाषिक प्रकार्यलाई भावनात्मक/सम्बन्धात्मक भाषिक प्रकार्य पनि भनिन्छ । संवेगात्मक सम्बन्धगत प्रकार्यभित्र अभिवादन, सहिष्णुता, समवेदना, सान्त्वना, कृतज्ञता, अनुरोध, स्वागत, विदाइ, चाप्लुसीपन आदि (विल्किन्स, १९७९, पृ.५४) जस्ता भाषिक प्रकार्यहरू पर्दछन् । विल्किन्सले उल्लेख गरेका भावनात्मक सम्बन्ध भाषिक प्रकार्य भ्यान इक र ट्रिमले उल्लेख गरिएको सामाजिकीकरण एकै प्रकारको भाषिक प्रकार्य हो । सामाजिकीकरणभित्र ध्यानाकर्षण, अभिवादन, सम्बोधन, परिचय, धन्यवाद ज्ञापन, मौखिक प्रतिउत्तर, बैठकको जानकारी, साथीलाई सम्बोधन, बधाई ज्ञापन, (भ्यानइक र ट्रिम, १९९८, पृपृ.४१-४२) जस्ता भाषिक प्रकार्यहरू पर्दछन् । व्यक्तिव्यक्तिबिच अभिवादन गर्नु, सान्त्वना दिनु, समवेदना दिनु जस्ता भाषिक प्रकार्यहरू यसअन्तर्गत

पर्दछन् । भावनात्मक सम्बन्धभित्र अभिव्यक्तिमूलक भाााषिक प्रकार्यहरू पर्दछन् । “यो त्यस्तो वाक्क्रिया हो जसमा वक्ताले सन्दर्भ वा परिवेशअनुसार महसुस गरेको कुरालाई सोही रूपमा अभिव्यक्ति गर्छ” (भुसाल, २०७८, पृ.९४) । माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा पनि संवेगात्मक सम्बन्धगत भाषिक प्रकार्यहरु समाविष्ट छन् । माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट संवेगात्मक सम्बन्धगत भाषिक प्रकार्यहरुलाई तालिकामा तल उल्लेख गरिएको छ :

**तालिका नं. ८**

***माध्यमिक तह (कक्षा ९ र १०)को नेपाली भाषापाठ्यक्रममा समाविष्ट संवेगात्मक सम्बन्धगत भाषिक प्रकार्य***

| कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य | क्र.सं. | विधा/क्षेत्र | भाषिक प्रकार्य |
| १ | पद्य कविता (प्रकृतिपरक) | विनम्रता | १ | पद्य कविता (नीति चेतनामूलक) | विनयशीलता |
| ४ | व्यावहारिक लेखन (निवेदन) | स्वागत आथित्य | ८ | गीति कविता (श्रम/संस्कृति) | सम्मान |
| १३ | व्यावहारिक लेखन (कार्यालयीय चिठी) | शुभेक्षा | १५ | गद्य कविता मानवमूल्य) | सद्भाव |

*स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९र १०) २०७८*

माथिको तालिकालाई विश्लेषण गर्दा माध्यमिक तह कक्षा ९ को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं.१ मा प्रकृतिपरक पद्य कवितामा राखिएको विनम्रता, क्र.सं.४ मा व्यावहारिक लेखन निवेदनमा राखिएको स्वागत र आथित्य, क्र.सं.१३ मा व्यावहारिक लेखन (कार्यालयीय चिठी) मा राखिएको शुभेक्षा गरी जम्मा तीनओटा प्रकार्यहरू संवेगात्मक सम्बन्ध/सामाजिकीकरणअन्तर्गत पर्ने भाषिक प्रकार्य हुन् भने माध्यमिक तह कक्षा १० को नेपाली भाषापाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत क्र.सं. १ मा नीति चेतनामूलक पद्य कविता विधामा राखिएको विनयशीलता, क्र.सं. ८ मा गीति, श्रम, संस्कृति विषय/क्षेत्रको कविता विधामा राखिएको सम्मान तथा क्र.सं. १५ मा समाज मानवमूल्य विषयक्षेत्रको गद्य कविता विधामा राखिएको सद्भाव गरी जम्मा चारओटा प्रकार्य सामाजिक/भावनात्मक सम्बन्ध कायमका लागि प्रयोग गरिने भाषिक प्रकार्यहरू हुन् । यसरी माध्यमिक तह( कक्षा ९ र १०) नेपाली भाषापाठ्यक्रममा कक्षा ९ मा तीन र कक्षा १० मा तीन गरी जम्मा छओटा भावनात्मक सम्बन्धगत भाषिक प्रकार्यहरू प्रयोग भएका छन् ।

## निष्कर्ष र प्राप्ति

भाषा मानवीय उच्चारण अवयवद्वारा उच्चरित सामाजिक वस्तु हो । दैनिक व्यवहार सञ्चालन, आपसी सम्पर्क सम्बन्ध, सूचना आदानप्रदान, विचार, भावना तथा चाहनाको अभिव्यक्तिका लागि भाषाको प्रयोग हुन्छ । सामाजिक साँस्कृतिक, आर्थिक, धार्मिक, राजनीति, रीतिस्थिति, चालचलन दैनिक व्यवहार सञ्चालनार्थ प्रयोग गरिने भाषिक व्यवहार भाषिक प्रकार्य हुन् । यिनै विभिन्न प्रयोजनार्थ स्थान, समय, परिस्थितिअनुसार प्रयोग हुने भाषिक व्यवहारबाट कार्य सम्पादन हुने भएकोले भाषालाई वाक्क्रियाको रूपमा लिइन्छ । वाक् (बाली) ले विभिन्न परिस्थितिअनुसार आज्ञा, आदेश, अनुरोध, अनुमति, अनुमोदन, कारण, प्रभाव निष्कर्ष पहिचान जस्ता कार्यहरू गर्दछ । यी कार्यहरू सम्पन्न गर्न दोहोरो सञ्चारको आवश्यकता पर्दछ ।

दोहोरो सञ्चारका माध्यमबाट अनुमानात्मक, कल्पनात्मक, तार्किक, अन्तर्क्रियात्मक, सिर्जनात्मक तथा समालोचनात्मक कार्यहरू हुन्छन् । यिनै भाषिक प्रकार्यको माध्यमबाट मानिस समाजमा सम्बन्ध स्थापना गरी दैनिक व्यवहार सञ्चालन गर्छ । बदलिंदो विश्व परिवेशमा दैनि व्यवहार सञ्चालनार्थ भाषा सिक्नुपर्ने र भाषा सिक्दा मात्र बदलिंदो विश्वमा समायोजन हुन सकिने भएकाले पछिल्ला दिनहरूमा भाषाशिक्षणका सन्दर्भमा विद्यार्थीहरूमा प्रकार्यात्मक/ सम्प्रेषणात्मक सक्षमताको विकास गर्न भाषाशिक्षणमा भाषिक प्रकार्यको अनुप्रयोग गर्न थालिएको छ। नेपालमा पनि राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) अनुसार बनेका विद्यालयीय तहका नेपाली भाषापाठ्यक्रमलाई प्रकार्यात्मक सम्प्रेषणात्मक ढङ्गले निर्माण गरिएको छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ अनुसार कक्षा ९ र १० को नेपाली भाषा पाठ्यक्रम कक्षा ९ मा १६ ओटा विधा/क्षेत्रका लागि १६ ओटा र कक्षा १० मा १७ ओटा विधा क्षेत्रका लागि १७ ओटा भाषिक प्रकार्य राखिएको पाइन्छ ।

माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषिक प्रकार्यहरूलाई हेर्दा कक्षा ९ को नेपाली भाषापाठ्यक्रममा राखिएको व्यक्तिवृत मूल्याङ्कन र कक्षा १० को नेपाली भाषापाठ्यक्रममो दृष्टिकोण र सम्भावना गरी जम्मा तीनओटा भाषिक प्रकार्य निर्णय र मूल्याङ्कनगत भाषिक प्रकार्य हुन् भने कक्षा ९ नेपाली भाषापाठ्यक्रममा राखिएको प्रेरणा, स्नेह र प्रेरणा, अपेक्षा र विश्वास, सान्त्वना र प्रोत्साहन तथा कक्षा १० नेपाली भाषापाठ्यक्रममा राखिएका आज्ञा र आदेश, अभिप्रेरणा र आह्वान गरी सातओटा भाषिक प्रकार्य आह्वान वा प्रोत्साहनअन्तर्गत पर्ने भाषिक प्रकार्य हुन् । यसै गरी कक्षा ९ को नेपाली भाषापाठ्यक्रममा राखिएका तुलना, निष्कर्ष पहिचान, समीक्षा, अवस्था वर्णन, परिकल्पना र कक्षा १० नेपाली भाषापाठ्यक्रमा राखिएका कारण-प्रभाव, सम्प्रेषण, समस्या समाधान व्यङ्ग्य गरी नौओटा भाषिक प्रकार्यहरु तार्किक खोज तथा प्रदर्शनगत भाषिक प्रकार्य हुन् । यसका साथै कक्षा ९ र १० को नेपाली भाषापाठ्यक्रममा राखिएका कामप्रतिको प्रतिबद्धता, सोधपुछ, आज्ञा र आदेश, नेतृत्व गरी जम्मा चारओटा भाषिक प्रकार्य तर्कअर्न्तगत पर्दछन् । माध्यमिक तह कक्षा ९ र १० को नेपाली भाषापाठ्यक्रममा राखिएका स्नेह र प्रेरणा, अनुभूति, उत्सुकता, उत्साह तथा संवेग गरी पाँचओटा वैयक्तिक संवेगको/मनोवृत्तिको बाह्यान्तरिक अभिव्यक्तिसँग सम्बन्धित भाषिक प्रकार्यहरू हुन् । विनम्रता, स्वागत र आथित्य, शुभेक्षा, विनयशीलता, सम्मान र सद्भाव गरी जम्मा छओटा प्रकार्य माध्यमिक तह (कक्षा ९ र१०) नेपाली भाषापाठ्यक्रममा समाविष्ट सामाजिक/भावनात्मक सम्बन्ध कायमका लागि प्रयोग गरिने भाषिक प्रकार्यहरू हुन् ।

**सन्दर्भ सामग्रीसूची**

अस्टिन/Austain, J.L. (1962), How To Do Things with Words, oxford University Press.

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* पाठ्यसामग्री प्रकाशन ।

चौलागाईं, प्रेमप्रसाद (२०७९), *भाषाविज्ञानको परम्परा र पद्धति,* ओरिएन्टल पब्लिकेसन ।

ज्याकोब्सन/Jakobson, R. (1896), Language in Literature, Harvard University Press.

डिक/Van EK, J.A. and Trim, J.L.M. (1998). Cambridge: University press.

निरौला, यज्ञेश्वर (सन् २०२२), नेपाली भाषाका प्रयोजनपरक भेद, *ह्युमानिटिज एन्ड साइन्स जर्नल,* १३ (२) १८४-१९६ ।

भुसाल, केशव (२०७८), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन ।

मेलरोस/Melrose, Robin (2015).The Communicative syllabus, Bloom sbury Acadamic .

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८), *भाषाविज्ञान,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लिच/Leech, Geoffrey (1985). Semeanties ; The Study of meaning, Penguin books.

विल्किन्स/Wilkins, D.A. (1979). National syllabuses, oxford University press.

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०७८) कक्षा ९ र १०, पाठ्यक्रम विकास केन्द्र ।

सर्ले/Searle, J.R. (1969). A Theory of Speech Acts, Combridge University Press.

ह्यालिडे/Halliday, M.A.K. (1978). Language as Social semiotics, Edward Arnold(Publisher) Ltd.

ह्यालिडे/Halliday, M.A.K. (1974). An Introduction to functional Grammar Edward Arnold (Publisher) Ltd.